आज मिति २०८० साल माघ २५ गते विहीबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा २६ (छब्बिसौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृतः श्री ईश्वरी प्रसाद शर्मा

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन वहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

CamScanner

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण स्थलको विस्तृत परियोजना प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।

३. अनुगमन समितिको प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।

४. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्वन्धमा।

२. समपुरक योजना कार्यान्वयन सम्वन्धमा।

३. वहुवर्षीय योजना सम्वन्धमा।

४. समिति गठन गर्ने सम्वन्धमा।

५. गाडी मर्मत गर्ने सम्वन्धमा।

६. रोलर मर्मत गर्ने सम्वन्धमा।

७. आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा।

८. वडा नम्वर ०५ स्थित श्री पशुपति रोडा ढुङ्गा ग्रावेल खानी प्रा.लि.ले पेश गरेको माइनिङ्ग स्किम प्राविधिक सहमतिका लागि गर्ने सम्वन्धमा।

९. स्वास्थ्य उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा।

१०. ल्होछार पर्वको उपलक्ष्यमा स्थानीय सार्वजनिक विदा दिने सम्वन्धमा।

११. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको वारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

आर्थिक वर्ष २०८०/०८१ को लागि संघीय सरकार तथा बागमती प्रदेश सरकारबाट समपुरक अनुदान शिर्षकमा प्राप्त भएका आयोजनाहरुको नियमानुसार बोलपत्र मार्फत निर्माण कार्य भईरहेको र सो बोलपत्र आव्हान भई सम्झौता भए पश्चात बाँकि रहेको बजेट पुनः सोही योजनाको दोश्रो फेजमा कार्यान्वयन गर्ने भनि भएका निर्णयहरुलाई समर्थन गर्दै नियमानुसारका प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने।

निर्णय नम्बर ३:

नमोबुद्ध नगरपालिका वडा नम्बर ०३ स्थित कमर थुम्कामा निर्माण गर्न लागिएको कुल लागत करिब अनुमान रकम रु. १५,५०,००,००० (अक्षेरुपी पन्ध्र करोड पचास लाख) रहेको एकीकृत वैज्ञानिक फोहोरमैला व्यवस्थापन केन्द निर्माणको कार्य नगरपालिका तर्फबाट ४०% र अन्य क्षेत्रबाट ६०% लगानी हुने गरी आवश्यक श्रोतको उचित व्यवस्थापन तथा सुनिश्चितता क्रमशः आर्थिक वर्षमा गर्दै लगिने गरी वहुवर्षीय योजनाको रुपमा कार्यान्वयन गर्ने।

निर्णय नम्बर ४:

नमोबुद्ध नगरपालिकाको समग्र शैक्षिक क्षेत्रको सुधार तथा व्यवस्थापन गर्नका लागि आवश्यक मापदण्ड तथा कार्य योजना निर्माण गरी ३० दिन भित्र कार्यपालिकामा पेश गर्नका लागि तपशिल वमोजिमको समिति गठन गर्ने।

तपशिलः

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. शैक्षिक क्षेत्रमा योगदान पुर्याएका तथा सरोकारवाला मध्येबाट नगरप्रमुखले तोकेका ३ जना व्यक्तिहरु - सदस्य
३. शिक्षा शाखा प्रमुख - सदस्य-सचिव

निर्णय नम्बर ५:

नमोबुद्ध नगरपालिकामा रहेको बा २ झ १८०१ नम्बरको सवारीसाधनमा इन्जिन लगायतका पाटपुर्जामा समस्या भई मर्मत गर्नु पर्ने भएकोले लागत अनुमान अनुसार मर्मत सम्भार गर्ने।

निर्णय नम्बर ६:

नमोबुद्ध नगरपालिकामा रहेको बा २ क ६५११ नम्बरको सवारीसाधन (रोलर) विगत केहि वर्ष देखि विग्रिएको अवस्थामा रही संचालनमा नआएको हुँदा हाल सो रोलर मर्मत सम्भार गरी विकास निर्माणका कार्यमा परिचालन गर्न उपयुक्त देखिने हुँदा प्राविधिकबाट चेकजाँच गराई लागत अनुमान तयार गरी मर्मत सम्भार गर्ने र मर्मत सम्भार नहुने अवस्थाको रहेमा लिलामको प्रकृया अगाडी वढाउने।

निर्णय नम्बर ७:

वृहत् काभ्रेपलाञ्चोक कृषि महोत्सव २०८०, मुल आयोजक समितिको सचिवालय, कृषि ज्ञान केन्द्र, धुलिखेलको प.सं. २०८०/०८१, च.नं. १२, मिति २०८०/१०/२२ गतेको आर्थिक सहयोग गरी महोत्सव आयोजनामा सहजीकरण गरिदिने सम्वन्धमा प्राप्त पत्रानुसार जिल्ला समन्वय समिति, बनेपा

नगरपालिका, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, काभ्रे उद्योग वाणिज्य संघ एवं जिल्लाका सबै स्थानीय तहहरूको प्रत्यक्ष सहभागिता एवं समन्वयमा यहि मिति २०८० फाल्गुन ४ गते देखि ७ गते सम्म बनेपामा वृहत काभ्रेपलाञ्चोक कृषि महोत्सव २०८० को सफल कार्यान्वयन एवं संचालनका लागि नमोबुद्ध नगरपालिकाका कृषकको लागि स्टलको व्यवस्थापन संबन्धमा खर्च गर्ने गरी आर्थिक सहयोग उपलब्ध गराउने।

<u>निर्णय नम्बर ८:</u>

काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध नगरपालिका, वडा नं. ५ टोपोसिट नम्बर २७८५ ०७ "डी" मा पर्ने १११३.० मिटरको उचाई विन्दुबाट पश्चिम ४१२ मिटर र दक्षिण ६२५.० मिटर को विन्दुलाई (नियामक पूर्व ३७०४६९.०० मिटर र उत्तर ३०४५७०३.०० मिटर) मूल चिन्ह मानी सोबाट पूर्व १५०.० मिटर, पश्चिम ४००.० मिटर, उत्तर ३५०.० मिटर, र दक्षिण १००.० मिटर गरी कुल जम्मा ०.२४८ वर्ग कि.मि. क्षेत्रफलमा निर्माणमुखी खनिज अन्तर्गत ढुङ्गा खानी उत्खननको लागि श्री शुभारम्भ माइनिङ्ग एण्ड इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि.ले तयार गरी नमोबुद्ध नगरपालिका ०५ नम्बर वडा कार्यालयको प.सं. २०८०/०८१, च.नं. ८७६, मिति २०८०/१०/१५ गतेको सिफारिस पत्र साथ श्री पशुपति रोडा ढुङ्गा ग्राबेल खानी प्रा.लि.ले निवेदन साथ माइनिङ्ग स्किम र अन्य पेश भएका कागजातहरूलाई आधार मानि खानी तथा भूगर्भ विभाग, लैनचौरमा प्राविधिक सहमतिका लागि नियमानुसार सिफारिस गर्ने।

<u>निर्णय नम्बर ९:</u>

नमोबुद्ध नगरपालिका ०५ नम्बर वडा कार्यालयको प.सं. २०८०/०८१, च.नं. ६७३, मिति २०८०/०८/०१ गतेको सिफारिस सम्बन्धमा प्राप्त पत्रानुसार साविक कानपुर कालापानी गा.वि.स., वडा नम्बर ०६ हाल नमोबुद्ध नगरपालिका वडा नम्बर ०५ निवासी श्री छेडुव लामाको छोरी वर्ष १८ को श्री रुपा लामा हेड इन्जुरी भई नेपाल मेडीकल कलेज शिक्षण अस्पताल, गोकर्णेश्वर नगरपालिका, काठमाडौंमा उपचारको क्रममा रहेको र निजको पारिवारिक आर्थिक अवस्था समेत कमजोर र परिवारका अन्य सदस्यहरु समेत साथ नभएकोले निजको स्वास्थ्य लाभको कामना सहित रकम रु. १,००,००० (अक्षेरुपी एक लाख) उपचार खर्च स्वरूप आर्थिक सहयोग गर्ने।

<u>निर्णय नम्बर १०:</u>

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को देहाय फ. अनुसार स्थानीय भाषा र संस्कृतिको संरक्षण गर्न नगरपालिका र मातहतका कार्यालयमा २०८०/१०/२७ गते पर्ने सोनाम ल्होछार पर्वको अवसरमा मिति २०८०/१०/२८ गते १ (एक) दिन स्थानीय सार्वजनिक (पर्व) बिदा दिने। इति